# सुनिलस्मृति गाउँपालिका

## सुलिचौर, रोल्पा

# विनियोजन ऐन

२०७७

सुनिल स्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
२०७३

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा

सुनिलस्मृति गाउँपालिका आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७७।०३।१०

प्रस्तावना: सुनिलस्मृति गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुनिलस्मृति गाउँपालिकाको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम “सुनिलस्मृति गाउँपालिकाको विनियोजन ऐन, २०७७ ” रहेको छ । (२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखा तथा विभिन्न साझेदार संघ संस्थाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५८,६०,९६,४९४ (अक्षेरुपी अन्ठाउन्न करोड साठी लाख छयानब्बे हजार चार सय चौरानब्बेरुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त सुनिलस्मृति गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| # | अनुदान संख्या | श्रोत | चालु | पुँजीगत | वित्तीय व्यवस्था | बजेट |
|---|---|---|---|---|---|---|
| | | | ४ | ५ | | |
| १ | | अ.ल्या. | २००० | ४८००० | | ५०००० |
| २ | | आन्तरिक श्रोत | ६४८० | ३५२० | | १०००० |
| ३ | | ससर्त नेपाल सरकार | १८००८८ | ५३२१२ | | २३३३०० |
| ४ | | ससर्त प्रदेश सरकार | ११८५० | ९००० | | २०८५० |
| ५ | | राजश्व बाडफाड नेपाल सरकार | ७४३४० | ११४१४ | | ८५७५४ |
| ६ | | राजश्व बाडफाड प्रदेश सरकार | ४७१५ | ० | | ४७१५ |
| ७ | | वित्तीय समानीकरण अनुदान नेपाल सरकार | २८१८६ | ७६८१४ | | १०५००० |
| ८ | | वित्तीय समानीकरण अनुदान प्रदेश सरकार | ४८७७ | ४०० | | ५२७७ |
| ९ | | विशेस अनुदान नेपाल सरकार | ० | ० | | ० |
| १० | | विशेस अनुदान प्रदेश सरकार | ० | ० | | ० |
| ११ | | समपुरक नेपाल सरकार | ० | १२००० | | १२००० |
| १२ | | समपुरक प्रदेश सरकार | ० | १५००० | | १५००० |
| १३ | | सामाजिक सुरक्षा भत्ता | ४०००० | ० | | ४०००० |
| १४ | | जि.स.स. कोष | ० | ४२०० | | ४२०० |
| जम्मा | | | ३५२५३६ | २३३५६०.४९४ | | ५८६०९६.४९४ |

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा